प्रमाणित प्रतिलिपि

सर्वोच्च अदालत काठमाडौं

सर्वोच्च अदालत, पूर्ण इजलास
सम्माननीय प्रधान न्यायाधीश डा. श्री मनोजकुमार शर्मा
माननीय न्यायाधीश श्री नृपध्वज निरौला
माननीय न्यायाधीश श्री मेघराज पोखरेल

# फैसला

०८१-CF-००२८

मुद्दाः जबरजस्ती करणी।

दाङ जिल्ला, घोराही नगरपालिका वडा नं. ११ बस्ने भोला भन्ने लिलाबहादुर पछाई ........................................................................१ पुनरावेदक प्रतिवादी

विरुद्ध

परिवर्तित नाम प्रकृति देवीको जाहेरीले नेपाल सरकार ............................१ प्रत्यर्थी वादी

**सुरु तहको फैसलाको विवरण**

फैसला गर्ने न्यायाधीश : मा.न्या.श्री दयानाथ खरेल
दाङ देउखुरी जिल्ला अदालत

फैसला मिति : २०६८।९।२४

**पुनरावेदन तहमा फैसला गर्ने**

फैसला गर्ने न्यायाधीशहरु : मा.मु.न्या.डा.श्री आनन्दमोहन भट्टराई
मा.न्या.श्री पदमराज भट्ट
पुनरावेदन अदालत तुलसीपुर, दाङ

फैसला मिति : २०७०।१२।५

**यस अदालतको संयुक्त इजलासबाट भएको फैसलाको विवरण**

फैसला गर्ने न्यायाधीशहरु : मा.न्या.श्री कुमार रेग्मी
मा.न्या.डा.श्री कुमार चुडाल

फैसला मिति : २०८१।४।१४

तत्कालीन पुनरावेदन अदालत तुलसीपुर, दाङको फैसलाउपर न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) बमोजिम प्रतिवादी भोला भन्ने लिलाबहादुर पछाईको तर्फबाट पुनरावेदनको रुपमा दायर भएको प्रस्तुत मुद्दामा यस अदालतको संयुक्त इजलासबाट फैसला हुँदा माननीय न्यायाधीशहरुबीच मतैक्यता हुन नसकी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २३(२)(क) बमोजिम निर्णयार्थ पूर्ण इजलासमा पेस गर्नु भन्ने आदेशबमोजिम पूर्ण इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार रहेको छः

**मुद्दाको संक्षिप्त तथ्यः**

१. म जाहेरवालीलाई अन्यायी भोला पछाईले २ वर्ष पहिलादेखि गैरकानूनी रुपमा कमलरी राखेका थिए। निजले मदिरा सेवन गर्ने र मदिरा सेवन गरेको रातिमा निजका लोग्ने स्वास्नी अलग-अलग कोठामा सुत्ने गर्दथे। म जाहेरवाली सुत्ने गरेको कोठामा रातको समयमाभित्रबाट चुक्कुल लगाएर सुत्ने गर्दथे। निज भोला पछाईले आफू रातीको समयमा श्रीमतीसँग सुत्न नपाएको दिन तैले रातीमा किन ढोकाको चुक्कुल लगाउछेस् रातिमा तेरो कोई पोई आउँदैन भनी हप्काउने गर्दथे। मलाई कोठाको चुक्कुल नलगाई सुत्न बाध्य पारी राती राती म सुतेको कोठामा आई जबरजस्ती करणी गर्ने गरेको र मिति २०६७।११।२२ का दिन निजको श्रीमती माईतमा गएको अवस्थामा जबरजस्ती करणी गरेको, मिति २०६७।१२।२९ मा पनि जबरजस्ती करणी गरेको र मिति २०६८।०१।०२ का दिनसमेत बिहान ८ बजेको समयमा मैले बैठक कोठामा झारु लगाउन लागेको अवस्थामा निज भोला पछाई उक्त कोठामा आई ढोकाको चुक्कुल लगाई जबरजस्ती करणी गरेका हुन्। निजले घरको गेटको तालासमेत लगाई त्यहाँबाट भाग्न उम्कनसमेत नदिएको र करणी गरेको कुरा कहीं कतै हल्ला गरेमा ज्यान मारी ट्वाईलेटको सेप्टी ट्याकीमा हाली दिने धम्कीसमेत दिएका थिए। मिति २०६८।०१।०३ गते मेरो आमा, दिदी र दाजुसमेतले निजको घरबाट उद्धार गरेकोले जाहेरी दिन आएकी हुँ। निज भोला पछाईलाई कारवाही गरी पाउँ भन्नेसमेत बेहोराको प्रकृति देवीले मिति २०६८।०१।०६ मा दर्ता गराएको जाहेरी दरखास्त।

२. जिल्ला दाङ, घोराही नगरपालिका वडा नं. ११ काठेकोलस्थित पूर्वमा भोला पछाईको मिल, पश्चिममा दिपसिखा रोड, दक्षिणमा यज्ञबहादुर वलीको घर, उत्तरमा डिलबहादुर गिरीको घर यति चार किल्लाभित्र भोला पछाईको घर, सो घरको बीच तल्लाको बैठक कोठामा प्रकृति देवीलाई भोला पछाईले जबरजस्ती करणी गरेको भनिएको घटनास्थल प्रकृति मुचुल्का।

३. राप्ती उपक्षेत्रीय अस्पताल दाङमा स्वास्थ्य परीक्षण गराउँदा निज पीडित प्रकृति देवीको कन्या जाली च्यातिएको (Hymen Rapture) छ भन्ने स्वास्थ्य परीक्षण रिपोर्ट।

४. जाहेरवाली प्रकृति देवीलाई मैले आफ्नो छोरी समानको घरको सदस्यजस्तो भएकोले निजलाई मैले जबरजस्ती करणी गर्ने सोच्नसम्म सकेको थिइन। निजलाई जबरजस्ती करणी गर्ने कुरै आउँदैन भन्नेसमेत बेहोराको प्रतिवादी भोला भन्ने लिलाबहादुर पछाईले अधिकारप्राप्त अधिकारी समक्ष गरेको बयान।

५. निज पीडित प्रकृति देवीको जन्ममिति २०५२।०७।०७ उल्लेख भएको जन्म दर्ता प्रमाण-पत्रको प्रतिलिपि।

६. निज पीडित मेरो बहिनी हुन्। निजलाई २ वर्ष पहिलादेखि भोला पछाईको घरमा काम गर्न राखेका थियौं। निज बहिनीलाई भोला पछाईले जबरजस्ती करणी गरी उम्कन नदिई राखेको अवस्थामा मसमेतले बहिनीलाई प्रतिवादीको घरबाट उद्धार गरी ल्याएका हौं भन्नेसमेत बेहोराको पीडितको दाजु चित्रबहादुर चौधरीको घटना विवरण कागज।

७. पीडित जाहेरवाली मेरो छोरी हुन्। निजलाई २ वर्ष पहिला भोला पछाईको घरमा काम गर्न राखेका थियौं। निज भोला पछाईले छोरी प्रकृति देवीलाई जबरजस्ती करणी गरेको कुरा मिना चौधरी निज भोलाको घरमा गएको अवस्थामा थाहा पाई निज मिना चौधरी घरमा आई बहिनीलाई फिर्ता बोलाउनु पर्‍यो भनेकीले फोनबाट पटक-पटक निज छोरीलाई घरमा फिर्ता पठाई देउ भन्दासमेत नपठाएकोले मिति २०६८।०१।०३ का दिन मसमेत निज प्रतिवादीको घरमा जाँदा निजले उल्टै छोरीलाई चोरीको आरोप लगाई कुटपिट गरेको हो। मिति २०६८।०१।०२ मा पनि जबरजस्ती करणी गरेका रहेछन् पछि निज छोरीलाई मसमेतले उद्धार गरी ल्याएको हो भन्ने बेहोराको पीडितको आमा आस कुमारी चौधरी र दिदी मिना चौधरीले गरिदिएको एकै मिलानको घटना विवरण कागज।

८. भोला पछाई छिमेकी हुन्। निजले नाम परिवर्तित प्रकृति देवीलाई जबरजस्ती करणी गरेको भन्ने कुरा थाहा छैन भन्ने बेहोराको पुष्पा शर्मा र कमलबहादुर डाँगीले गरेको एकै मिलानको घटना विवरण कागज।

९. भोला पछाईले प्रकृति देवीलाई जबरजस्ती करणी गरेकोमा विश्वास लाग्दैन भन्ने डिलबहादुर गिरी, मन्जु बुढा, यज्ञबहादुर सिंह वलीले गरिदिएको एकै मिलानको घटना विवरण कागज।

१०. मिसिल संलग्न प्रकृति देवी (परिवर्तित नाम) को जाहेरी दरखास्त, घटनास्थल प्रकृति मुचुल्का, पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन, प्रतिवादी भोला भन्ने लिलाबहादुर पछाईको

बयान, अनुसन्धानको क्रममा कागज गर्ने मिना चौधरीसमेतका मानिसहरुको कागजको बेहोरासमेतका आधार प्रमाणबाट प्रतिवादी भोला भन्ने लिलाबहादुर पछाईले पीडित जाहेरवालीलाई २ वर्षदेखि घरमा कमलरी राखेकोमा निज प्रतिवादीकी श्रीमती माइत गएको अवस्थामा मिति २०६७।११।२२ गते, मिति २०६७।१२।२९ गते र मिति २०६८।०१।०२ गते बिहान जबरजस्ती करणी गरी सो कुरा कहीं कसैलाई भनेमा ज्यान मारी फाली दिने धम्की दिएकोसमेत देखिएकोले वर्ष १५ की नावालिकालाई जबरजस्ती करणी गर्ने प्रतिवादी भोला भन्ने लिलाबहादुर पछाईलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. को कसूरमा सोही महलको ३ नं. को देहाय ३ बमोजिम सजाय हुन र सोही महलको १०ग नं. बमोजिम निज प्रतिवादीको अंश लगायतका अन्य सम्पत्ति रोक्का राखी ऐ. महलको १० नं. बमोजिम पीडितलाई प्रतिवादीबाट क्षतिपुर्ति भराई पाउँ भन्नेसमेत बेहोराको वादी नेपाल सरकारको अभियोगपत्र।

११. पीडितका बुवाले धेरै छोराछोरी भएकोले खान लाउन मुस्किल पर्यो छोरीलाई कमलरी राखिदिनु पर्यो भनेकाले रु.२० हजार वार्षिक दिई कमलरी राखेको हो। मैले निज पीडितलाई आफ्नै छोरीसरह पालेर राखेको छु। जाहेरवाली र मेरो छोरी सँगै एउटै कोठामा सुत्ने गर्दथे। मिति २०६८।०१।०२ गते बिहान म पाहुनालाई काठमाडौं जाने बसमा छोड्नका लागि घोराहीको तुलसीपुर चोकमा आई पाहुनालाई विदा गरी सो ७ बजेतिर व्याटमिन्टन खेल्न भनी इन्द्र योगी, देवराज कँडेलसमेतका साथीहरुसँग गएको र ९:५० बजेतिर घरमा आई खाना खाई बजारतर्फ जाँउ भनी पाइन्ट लगाउन खोज्दा पाइन्टमा राखेको रु.५,०००।- हराएको देखी खोजतलास गर्ने क्रममा निज जाहेरवालीको झोला खोली हेर्दा फेला परेकोले तत्काल निजको घरमा फोन गर्न लगाई पीडितको दिदी, आमा, दाइ आउँदा निजहरुको सामुन्ने यसलाई अब यस घरमा राख्दैन भनी १ थप्पडसम्म हानेको हुँ। सोही थप्पड हानेका कारण यो झुठ्ठा मुद्दा लगाएका हुन्। मैले वारदात मिति एवं सोभन्दा अघि पनि पीडितलाई जबरजस्ती करणी गरेको छैन। झुठ्ठा अभियोग दावीबाट सफाई पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी भोला भन्ने लिलाबहादुर पछाईले सुरु अदालतमा गरेको बयान।

१२. प्रतिवादीले आरोपित कसूरमा इन्कार रही बयान गरेको भए तापनि मौकामा बुझिएका मिना चौधरी, आस कुमारी चौधरी, भिमबहादुर चौधरीले पीडितलाई लिन जाँदा आफूहरुलाई देख्ने बित्तिकै पीडितले रुँदै प्रतिवादीले जबरजस्ती करणी गरेको भनी भनेको र हाम्रै सामुन्नेमा

चोरीको आरोप लगाई पीडितलाई प्रतिवादीले पिटेको हुँदा निजले जबरजस्ती करणी गरेको हुनुपर्छ भनी लेखाई दिएको देखिन्छ। त्यस्तै पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनले पीडितको योनीको भित्री झिल्ली च्यातिएको भनी देखाईरहेको र पीडितको उमेर हाल पन्ध्र वर्षको रहेको भनी जन्म दर्ता प्रमाण पेश भईरहेकोसमेत देखिन्छ। यसरी प्रतिवादीले वारदातका समयमा आफू वारदातस्थलमा छैन वारदातमा आफ्नो संलग्नता छैन भनी इन्कारी बयान गरे तापनि सो इन्कारी पुष्टि हुने प्रमाण पुर्‍याउन सकेको देखिदैन। तसर्थ पीडितको किटानी जाहेरी, स्वास्थ्य परीक्षण प्रतिवेदन लगायतका मिसिल संलग्न तत्काल प्राप्त प्रमाणबाट यी प्रतिवादी कसूरदार होईनन् भन्न सकिने अवस्थाको विद्यमानता नदेखिएकोले पछि प्रमाण बुझ्दै जाँदा ठहरे अनुसार हुने नै हुँदा हाल मुलुकी ऐन अ.बं. ११८ को देहाय २ अनुसार प्रतिवादीलाई स्थानीय कारागारमा थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नु र प्रतिवादी चुक्ता भै सकेको देखिंदा वादी प्रतिवादीका साक्षी बुझी पेश गर्नु भन्नेसमेत बेहोराको सुरु अदालतबाट मिति २०६८।०१।२८ मा भएको आदेश।

१३. मेरो बहिनी प्रकृति देवी प्रतिवादी भोला पछाईको घरमा काम गर्न कम्लरी बसेकी थिईन्। मिति २०६७।११।२२ मा यी प्रतिवादी भोला पछाईले मेरी बहिनीलाई जबरजस्ती करणी गरेका हुन्। म ऋण बुझाउन भोला पछाईको घरमा जाँदा बहिनी रुदै भाडा माज्दै थिईन्। किन रोईस भनी सोधपुछ गर्दा यी प्रतिवादी भोला पछाईले आफ्नो श्रीमती नभएको बेला च्याप्न आउँछ। सुनसान भएको बेला जबरजस्ती बलात्कार गर्दछन्। कसैलाई भनिस् भने मारेर ट्वाईलेटको सेफ्टी ट्याङ्कीमा मारेर फालिदिन्छु भनेका छन् भनी बहिनीले भनेपछि थाहा पाएकी हुँ भन्नेसमेत बेहोराको वादीका साक्षी मिनाकुमारी चौधरीले गरेको बकपत्र।

१४. म जाहेरवाली प्रतिवादी भोला पछाईको घरमा कमलरी बसेकी थिएँ। निज प्रतीवादीले राती मदिरा सेवन गरी आउने र मदिरा सेवन गरेको अवस्थामा आफ्नो श्रीमतीसँग नसुती छुट्टा छुट्टै कोठामा सुत्ने गर्दथे। मैले कोठाको चुकुल लगाई सुत्दा किन चुकुल लगाउछेस भनी हप्काउने गर्दथे। निजले मलाई पौष महिनादेखि जबरजस्ती करणी गर्दै आएका हुन् र मिति २०६७।११।२२ का दिन मैले बैठक कोठामा झाडु लगाउँदै गर्दा निज प्रतिवादी आई ढोकाको चुकुल लगाई मलाई जबरजस्ती करणी गरेका हुन्। यो कुरा कसैलाई भनिस् भने तेरो दात भाचिदिन्छु, मुख भाचिदिन्छु र ट्वाईलेटको ट्याङ्कीमा फालिदिन्छु भनी धम्की दिने गर्दथे भन्नेसमेत बेहोराको जाहेरवालीले शुरु अदालतमा गरेको बकपत्र।

१५. जाहेरवालीलाई प्रतिवादी भोला भन्ने लिलाबहादुर पछाईले जबरजस्ती करणी गरेको होईन। जाहेरी दरखास्त रीसइवीले दिएको हो। अभियोगदावी झुठ्ठा भएकोले सफाई पाउनु पर्छ भन्नेसमेत बेहोराको प्रतिवादीका साक्षी मनोजकुमार न्यौपाने, देवीराम वुढाथोकी, शुशिला पौडेल, विनबहादुर सिं वली, सुब्बा चौधरी, र इन्द्र योगीको करिब एकै मिलानको बकपत्र।

१६. जाहेरी उचित समयमा दर्ता नभएको, मौकामा हार गुहार नगरेको, Hymen rapture करणीको निर्णायक प्रमाण मान्न नसकिने, पीडितको स्वास्थ्य परीक्षण गर्दा करणीजन्य कार्यको सकारात्मक प्रमाण नभेटिएको, प्रतिवादी अनुसन्धान र अदालतमा बयान गर्दा इन्कारी बयान गरेको, मौकामा कागज गर्ने व्यक्तिहरुमा पीडितको परिवारको बाहुल्यता भई घरमा पीडितलाई ३ दिन राखी आपसी मिलोमतोमा भएको जाहेरी कागज भन्ने प्रतिवादीको बयानलाई अन्यथा भन्न सक्ने अवस्था नभएको तथा पीडितको किटानी भनाई अन्य प्रमाणबाट पुष्टि हुनुपर्नेमा अभियोगदावी पुष्टि गर्ने प्रमाणहरुले श्रृंखलाबद्ध मालाकडीका रुपमा कसूर प्रमाणित गर्न नसकेको हुनाले प्रतिवादी लिलाबहादुर पछाई उपरको जबरजस्ती करणीको कसूर कायम हुन नआएकाले अभियोग दावीबाट सफाई पाउने ठहर्छ भन्नेसमेत व्यहोराको शुरु दाङ देउखुरी जिल्ला अदालतबाट मिति २०६८।०९।२४ मा भएको फैसला।

१७. प्रतिवादीको घरमा कमलरी बसेकी म नाबालिकालाई डर, त्रासमा पारी पटक-पटक जबरजस्ती करणी गरेको भनी प्रतिवादीउपर किटानी जाहेरी दिई सोही बमोजिम अदालतमासमेत पीडितले किटानी बकपत्र गरेको, मिना कुमारीले मौकामा कागज र अदालतमा बकपत्र गर्दा प्रतिवादी भोला पछाईले पीडितलाई जबरजस्ती करणी गरेको भनी किटानी रुपमा उल्लेख गरेको, प्रतिवादीले वारदात मितिमा आफू घरमा नभएको भनी जिकिर लिन नसकेको, चोरीको कसूरमा मैले कुटपीट गरेको हुँदा करणीको वात लगाएकी हुन् भन्ने बयान गरेपनि सो सम्बन्धमा कहीँ कतै जाहेरी दिएको नदेखिएको, मौकामा वुझिएका पीडितका आमा र दाजुको कागज व्यहोरा, पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनमा योनीभित्रको झिल्ली च्यातिएको भनी उल्लेख रहेको तथा जबरजस्ती करणीमा प्रत्यक्षदर्शी नहुनु स्वभाविक नै रहेको अवस्थासमेतका मिसिल संलग्न आधार प्रमाणहरुबाट प्रतिवादी भोला भन्ने लिलाबहादुर पछाईले आरोपित कसूर गरेको कुरा पुष्टि हुँदा हुँदै प्रतिवादीलाई अभियोग दावीबाट सफाई दिने गरी भएको शुरु फैसला त्रुटिपूर्ण हुँदा उल्टी गरी अभियोगदावी बमोजिम प्रतिवादीलाई सजाय गरी पीडितलाई क्षतिपूर्तिसमेत भराई पाउँ

भन्नेसमेत व्यहोराको वादी नेपाल सरकारको तर्फबाट तत्कालीन पुनरावेदन अदालत तुल्सीपुरमा पेश भएको पुनरावेदन।

१८. यसमा नावालक पीडितले अदालतसमक्ष गरेको बकपत्र तथा निजको शारीरिक परीक्षणसमेतका प्रमाणहरुको मूल्यांकनको परिप्रेक्ष्यमा शुरुको फैसला फरक पर्न सक्ने देखिँदा छलफलको लागि अ.वं.२०२ नं. तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ बमोजिम प्रत्यर्थी झिकाई पेश गर्नु भन्ने तत्कालीन पुनरावेदन अदालत तुलसीपुरबाट मिति २०६९।०२।१६ मा भएको आदेश।

१९. जाहेरवालीको स्वास्थ्य जाँच गर्ने चिकित्सकलाई ७ दिनभित्र झिकाई बुझी पेश गर्नु भन्ने तत्कालीन पुनरावेदन अदालत तुलसीपुरको मिति २०७०।०३।०९ को आदेश।

२०. स्वास्थ्य जाँच गर्ने चिकित्सक नर्मन लामिछानेको करार अवधि समाप्त भएकोले तहाँ हाजिर गराउन नमिल्ने भनी राप्ती उप-क्षेत्रीय अस्पतालबाट लेखी आएकोले उक्त प्रयोजनका लागि अन्य चिकित्सक उक्त अस्पतालबाट झिकाई बुझी पेश गर्नु भन्ने तत्कालीन पुनरावेदन अदालत तुलसीपुरको मिति २०७०।०३।१६ को आदेश।

२१. पीडित प्रकृतिदेवीको स्वास्थ्य परीक्षण रिपोर्ट अनुसार निजको योनी सुन्निएको छैन, च्यातिएको छैन र योनीमा घर्षण भएको घाउ देखिँदैन। शरीरको संवेदनशील एवं अरु कुनै अंगमा चिथोरिएको कोतरिएको घाउ पाइदैन। निजको योनीभित्रको झिल्ली च्यातिएको छ र निजको योनीबाट पठाइएको स्वाब परीक्षणमा शुक्रकिट देखिएको छैन भन्ने व्यहोराको चिकित्सक सन्देश पौडेलले गरेको बकपत्र।

२२. प्रतिवादी लिलाबहादुर पछाईले आफ्नै घरमा कामको लागि राखिएकी नाबालिका परिवर्तित नाम प्रकृति देवी उपर जबरजस्ती करणी गरी मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ र ३ नं. को कसूर गरेको देखिँदा निजलाई अभियोग दावीबाट सफाई दिने गरी शुरु दाङ देउखुरी जिल्ला अदालतबाट मिति २०६८।०९।२४ मा भएको फैसला मिलेको नदेखिएकोले उक्त फैसला उल्टी भई प्रतिवादी लिलाबहादुर पछाईलाई जबरजस्ती करणीको महलको ३ नं. को देहाय ३ बमोजिम ६ बर्ष कैदको सजाय हुने र सोही महलको १० नं. बमोजिम रु.५०,०००।- (पचास हजार रुपैयाँ) क्षतिपूर्ति वापत प्रतिवादीबाट पीडितलाई भराई दिने ठहर्छ भन्नेसमेत व्यहोराको तत्कालीन पुनरावेदन अदालत तुलसीपुरबाट मिति २०७०।१२।०५ मा भएको फैसला।

२३. मैले अनुसन्धान अधिकारी र शुरु अदालतमा बयान गर्दा आरोपित कसूरमा पूर्णतः ईन्कार रही बयान गरेको छु। मेरो ईन्कारी बयानलाई मेरा साक्षी मनोजकुमार न्यौपाने, देवीराम वुढाथोकी, शुसीला पौडेल, विनबहादुर सिंह वली, सुब्बा चौधरी, ईन्द्र योगीको बकपत्रबाट पुष्टि भई रहेकोमा पुनरावेदन अदालतबाट सो बकपत्रलाई नजर अन्दाज गरी पीडितको जाहेरी दरखास्त र निजको बकपत्रलाई फैसलाको मुख्य निर्णयाधार बनाईएको छ। जबकी पीडितले वारदात मिति २०६८।०१।०२ गतेको बिहान ८:०० बजेको समय देखाईएको छ भने सोही ३ गते निज आफ्नी आमा र दिदीका साथ घरमा गएको भनिएको छ। यदि जाहेरीमा उल्लेख गरिए जस्तै घटना भएको भए वारदातस्थलको समिपमा रहेको जिल्ला प्रहरी कार्यालयमा गई यथाशिघ्र जाहेरी नदिई घरमा गई गैरसरकारी संस्थाको बहकाउमा लागि म पुनरावेदक प्रतिवादीलाई फसाउने नियतले (After Thought ) दिईएको जाहेरी मुलुकी ऐन अ.वं. २४ नं.समेत विपरित भएको अवस्थामा सो लाईसमेत वेवास्ता गरी कानूनको प्रकृया पुरा नै नगरी दायर भएको जाहेरी दरखास्त तथा जाहेरवालीको स्वास्थ्य परीक्षण प्रतिवेदनमा खुलाईएका कुराहरुको बेवास्ता गरी एक पक्षीय रुपबाट म पुनरावेदक/प्रतिवादीलाई मुलुकी ऐन जबरजस्ती करणीको ३(३) नं. बमोजिम कसूरदार ठहऱ्याई भएको पुनरावेदन अदालत तुलसीपुर, दाङको उक्त फैसला स.मु.स.ऐन २०४९ को दफा ३, मुलुकी ऐन अ.वं. २४ नं. तथा सम्मानित सर्वोच्च अदालतबाट ने.का.प. २०५९ पृष्ठ १२३ नि.नं. ७०६९ मा प्रतिपादित नजिर सिद्धान्तसमेतको प्रतिकूल हुँदा बदर भागी भएकाले उक्त फैसला उल्टी गरी शुरु दाङ देउखुरी जिल्ला अदालतबाट भएको फैसला सदर कायम गरी पाउँ भन्ने बेहोराको प्रतिवादी भोला भन्ने लिलाबहादुर पछाईले यस अदालतमा पेश गरेको पुनरावेदन पत्र।

२४. यसमा प्रतिवादी आरोपित कसूरमा अनुसन्धान अधिकारी र अदालत समक्ष इन्कार रही बयान गरेको, वारदात मिति २०६८।०१।०२ गतेको भई मिति ०६८।०१।०३ मा पीडित आफ्नो आमा र दिदीको साथमा घर गएपछि प्रस्तुत घटनाका सम्बन्धमा तत्काल जाहेरी नपरी मिति २०६८।०१।०५ गते मात्र पीडितको जाहेरी पर्न आएको देखिएको, पीडितको मिति २०६८।१।८ को राप्ती उपक्षेत्रीय अस्पतालको स्वास्थ्य परीक्षण प्रतिवेदन हेर्दा योनी सुन्निएको, च्यातिएको छैन, योनीमा घर्षण भएको घाउ देखिँदैन, शरीरको संवेदनशील एवं अरु कुनै अंगमा चिथोरिएको वा कोतरिएको घाउ पाइदैन, योनीभित्रको झिल्ली च्यातिएको छ, योनी स्वाव परीक्षणमा शुक्रकिट (Spermatozoa) देखिएको छैन भनी पीडितलाई

जबरजस्ती करणी गरेको भन्ने निश्चयात्मक आधार प्रमाण नदेखिएको, जाहेरीवालीको जाहेरी तथा बकपत्र अन्य स्वतन्त्र भरपर्दो प्रमाणबाट समर्थित नभएको, पीडितको काका सुब्बा चौधरीले स.ज. ६ मा पीडित परिवर्तित नाम प्रकृतिदेवी ट्रक ड्राइभर रामबहादुर सार्कीसँग भागेर गएकोले निजका बाबु आशाराम र म गई कोहलपुरबाट छुट्टाएर ल्याएको तथा स.ज. ७ र ८ मा पीडितको विवाह राजपुर-८ बस्ने कृष्ण चौधरीसँग भएको भन्ने तथ्य बकपत्रमा उल्लेख गरेको देखिएबाट पीडितको कन्याजाली यिनै प्रतिवादीले जबरजस्ती करणी गरेकोले च्यातिएको हो कि भन्ने निर्विवाद आधारको अभावमा यी प्रतिवादीलाई सफाई दिने शुरु अदालतको फैसला उल्टी गरी ६ वर्ष कैद र रु.५०,०००।- जरिवाना हुने ठहऱ्याई पुनरावेदन अदालत दाङको मिति २०७०।१२।०५ को फैसला प्रमाण मूल्याङ्कनको रोहमा फरक पर्न सक्ने देखिंदा मुलुकी ऐन, अ.बं. २०२ नं. तथा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ६७ बमोजिम विपक्षी झिकाई आएपछि वा अवधि व्यतित भएपछि नियमानुसार पेश गर्नु भन्ने यस अदालतको मिति २०७४।११।०२ को आदेश।

२५. प्रतिवादी उपरको अभियोग दावीबाट सफाई पाउने गरी शुरु दाङ जिल्ला अदालतबाट मिति २०६८।०९।२४ मा भएको फैसला उल्टी गरी प्रतिवादी लिलाबहादुर पछाईलाई जबरजस्ती करणीको महलको ३ नं. को देहाय ३ बमोजिम ६ वर्ष कैदको सजाय हुने र सोही महलको १० नं. बमोजिम रु.५०,०००।- (पचास हजार रुपैयाँ) क्षतिपूर्ति वापत प्रतिवादीबाट पीडितलाई भराईदिने गरी तत्कालीन पुनरावेदन अदालत तुलसीपुर, दाङबाट मिति २०७०।१२।०५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। माननीय न्यायाधीश डा. श्री कुमार चुडालले प्रतिवादीले अभियोग दावीबाट सफाई पाउने भनी व्यक्त गर्नु भएको रायसँग सहमत हुन नसकेकोले प्रस्तुत विवादमा सुनुवाईका लागि सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २३ को उपनियम (२) को खण्ड (क) बमोजिम पूर्ण इजलास समक्ष नियमानुसार पेश गर्नू भन्नेसमेत व्यहोराको माननीय न्यायाधीश श्री कुमार रेग्मीको राय।

२६. प्रतिवादी भोला भन्ने लिलाबहादुर पछाईलाई अभियोग दावी अनुसार ६ वर्ष कैद सजाय र रु.५०,०००।- (पचास हजार रुपैयाँ) क्षतिपूर्ति भराईदिने गरी तत्कालीन पुनरावेदन अदालत तुलसीपुर दाङबाट मिति २०७०।१२।०५ मा भएको फैसला नमिलेकाले उक्त फैसला उल्टी भई पुनरावेदक प्रतिवादीले अभियोग दावीबाट सफाई पाउने ठहर्छ। माननीय न्यायाधीश श्री कुमार रेग्मीज्यूको प्रतिवादीलाई सजाय हुनुपर्ने रायसँग सहमत हुन नसकेकाले

सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २३ को उपनियम (२) को खण्ड (क) बमोजिम पूर्ण इजलासमा पेस गर्नू भन्नेसमेत व्यहोराको माननीय न्यायाधीश डा. श्री कुमार चुडालको राय।

## यस अदालतको ठहर

२७. नियमबमोजिम पेशी सूचीमा चढी निर्णयार्थ यस इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादी भोला भन्ने लिलाबहादुर पछाईको तर्फबाट उपस्थित हुनुभएका विद्वान् वरिष्ठ अधिवक्ता श्री शेरबहादुर के.सी., विद्वान् अधिवक्ताहरु श्री जयनारायण पौडेल, श्री रामचन्द्र पौडेल, श्री सन्तोषकुमार पाण्डे र श्री निरुजा चापागाईंले, प्रतिवादीले अनुसन्धान अधिकारी तथा अदालतसमक्ष निरन्तर इन्कारी बयान गरेको र सो बयानलाई प्रतिवादीका साक्षीहरुको बकपत्रले पुष्टि गरिरहेको, वारदात मिति २०६८।०१।०२ भनिए तापनि जाहेरी मिति २०६८।०१।०५ मा मात्र परेकोले सो ढिलाइको सन्तोषजनक स्पष्टीकरण नभएको, राप्ती उप-क्षेत्रीय अस्पतालको स्वास्थ्य परीक्षण प्रतिवेदनमा योनी सुन्निएको नदेखिएको, घर्षणजन्य घाउ नभएको तथा योनी स्वाब परीक्षणमा शुक्रकिट (Spermatozoa) समेत नदेखिएकोले जबरजस्ती करणी भएको भन्ने कुरा वस्तुगत प्रमाणबाट स्थापित हुन नसकेको, र पीडितका काका सुब्बा चौधरीले आफ्नै बकपत्रमा पीडित ट्रक चालक रामबहादुर सार्कीसँग भागेर गएकी र पछि कृष्ण चौधरीसँग विवाह भएको भनी उल्लेख गरेकोले कन्याजाली च्यातिनुको कारण यिनै प्रतिवादीबाट नै भएको हो भन्ने कुरा निर्विवाद रुपमा स्थापित नभएको हुँदा अभियोग दावी पुष्टि गर्ने प्रमाणहरु शृंखलाबद्ध मालाकडीका रुपमा एकआपसमा जोडिई निर्विवाद रुपमा कसूर प्रमाणित गर्न नसकेको र फौजदारी न्यायको सर्वमान्य सिद्धान्तअनुरूप शंकाको सुविधा प्रतिवादीलाई नै दिनुपर्ने भएकाले प्रतिवादीलाई सफाइ दिने गरी व्यक्त भएका माननीय न्यायाधीश डा. कुमार चुडालको रायलाई सदर गरिपाउँ भनी बहस प्रस्तुत गर्नुभयो।

२८. त्यसैगरी पुनरावेदक वादी नेपाल सरकारका तर्फबाट उपस्थित हुनुभएका विद्वान् सहन्यायाधिवक्ता श्री कृष्णराज पन्तले, पीडित नाबालिका प्रकृति देवीले अनुसन्धान र अदालतसमक्ष गरेको बकपत्रमा प्रतिवादी भोला भन्ने लिलाबहादुर पछाईले आफूलाई कमलरी राखिएको अवस्थाको दुरुपयोग गरी डर, त्रास र धम्कीको प्रयोगद्वारा पटक-पटक जबरजस्ती करणी गरेको कुरा किटानीपूर्वक उल्लेख गरेकी रहेको, पीडितलाई उद्धार गर्न गएका दाजु भिमबहादुर चौधरी र दिदी मिना चौधरीसमेतले पीडितलाई भेट्ने बित्तिकै निजले

रुँदै आफूमाथि भएको जबरजस्ती करणीको घटना तत्काल सुनाएको र सोही स्थलमा नै प्रतिवादीले पीडितलाई कुटपिट गरेको समेत प्रत्यक्ष देखेको भनी मौकामा नै एकरूपताको कागज गरिदिएको, पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनले योनीभित्रको झिल्ली च्यातिएको पुष्टि गरिरहेको, वारदातका बखत पीडितको उमेर जन्मदर्ता प्रमाणपत्रबाट पुष्टि हुँदा १५ वर्ष रहेको र नाबालिका पीडितमाथि निजकै संरक्षक ठानिनुपर्ने व्यक्तिबाटै यस्तो जघन्य कसूर भएको सन्दर्भमा नाबालिकाको भनाइलाई बढी संवेदनशील र गम्भीरतापूर्वक हेरिनुपर्ने भएकाले मौकाको जाहेरी, स्वास्थ्य परीक्षण प्रतिवेदन र पीडित एवं निजका परिवारका सदस्यहरुको एकरूपताको बकपत्रसमेतका प्रमाणहरुबाट प्रतिवादीले आरोपित कसूर गरेको प्रष्टतः पुष्टि हुन आएकोले प्रतिवादीलाई सफाइ दिने गरी भएको शुरु दाङ देउखुरी जिल्ला अदालतको फैसला उल्टी गरी सजाय गर्ने गरी भएको तत्कालीन पुनरावेदन अदालत तुलसीपुर, दाङको फैसला सदर हुनुपर्ने भनी माननीय न्यायाधीश श्री कुमार रेग्मीले व्यक्त गर्नुभएको रायलाई सदर गरी पाउँ भनी बहस प्रस्तुत गर्नुभयो।

२९. यसमा प्रतिवादी भोला भन्ने लिलाबहादुर पछाईले पीडित प्रकृतिदेवी उपर जबरजस्ती करणी गरी मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. को कसूरमा सोही महलको ३(३) नं. बमोजिम सजाय हुने र सोही महलको १० नं. बमोजिम पीडितलाई प्रतिवादीबाट क्षतिपूर्ति भराई दिने समेत मागदावी लिई अभियोगपत्र दायर भएकोमा शुरु दाङ देउखुरी जिल्ला अदालतबाट प्रतिवादीलाई अभियोग दावीबाट सफाइ दिने गरी भएको फैसला उल्टी गरी प्रतिवादीलाई ६ वर्ष कैद सजाय हुने र पीडितलाई रु.५०,०००।- क्षतिपूर्ति भराउने गरी तत्कालीन पुनरावेदन अदालत तुलसीपुर, दाङबाट भएको फैसलामा चित्त नबुझाई प्रतिवादीको यस अदालतमा पुनरावेदन पर्न आएकोमा संयुक्त इजलासका माननीय न्यायाधीशहरुबीच रायमा मतैक्यता हुन नसकी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २३(२)(क) बमोजिम प्रस्तुत मुद्दा निर्णयार्थ यस पूर्ण इजलाससमक्ष पेश हुन आएको देखियो।

३०. उपरोक्त तथ्य, विद्वान् कानून व्यवसायी तथा सहन्यायाधिवक्ताले प्रस्तुत गर्नुभएको बहस एवं मिसिल संलग्न कागज प्रमाणहरु अध्ययन गरी हेर्दा, प्रतिवादीलाई सजाय हुने ठहरी माननीय न्यायाधीश श्री कुमार रेग्मीले व्यक्त गर्नुभएको राय मिलेको छ वा प्रतिवादीले अभियोग दावीबाट सफाइ पाउने ठहरी माननीय न्यायाधीश डा. कुमार चुडालले व्यक्त गर्नुभएको राय मिलेको छ? भन्ने विषयमा नै यस इजलासले निर्णय दिनुपर्ने देखिन आयो।

३१. निर्णयतर्फ विचार गर्दा, सर्वप्रथम जाहेरी दर्ता हुन ढिलो भएको भन्ने प्रतिवादीको पहिलो पुनरावेदन जिकिरका सम्बन्धमा विचार गर्नुपर्ने हुन्छ। मिसिल संलग्न प्रमाणबाट परिवर्तित नाम प्रकृतिदेवी प्रतिवादीको घरमा कमलरीका रुपमा कार्यरत रहेकी, वारदात मिति २०६८।०१।०२ गते भएको र निजलाई निजको आमा, दिदी तथा दाजुले मिति २०६८।०१।०३ गते उद्धार गरी ल्याएको देखिन्छ। उद्धार भएको मितिदेखि जाहेरी दर्ता हुने मिति २०६८।०१।०५ सम्मको अवधि जम्मा दुई दिनको मात्र रहेको र यस अवधिभित्र नाबालिका पीडितले भोगेको त्रास र लाजबाट मुक्त भई परिवारसँग सम्पूर्ण बेहोरा भन्न, परिवारले घटनाको गम्भीरता आत्मसात् गर्न र प्रहरी समक्ष जाहेरी दर्ता गराउने प्रक्रियामा पुग्न लाग्ने सामान्य र स्वाभाविक समयलाई ध्यानमा राख्दा उक्त अवधिलाई "ढिलो जाहेरी" भनी संज्ञा दिन मिल्दैन। यस सम्बन्धमा भारतको सर्वोच्च अदालतले ***State of Punjab v. Gurmit Singh*** (1996 SCC (2) 384) को मुद्दामा यौनजन्य अपराधमा जाहेरी दिन ढिलाई हुनुको पछाडि पीडित र निजको परिवारको सामाजिक प्रतिष्ठा र सम्मानसँग जोडिएको स्वाभाविक हिचकिचाहट नै मुख्य कारण रहने भएकाले सो ढिलाइलाई मात्र आधार बनाई पीडितको बयानलाई अविश्वसनीय मान्न नमिल्ने भनी प्रतिपादन गरेको सिद्धान्त यस प्रसंगमा सान्दर्भिक देखिन्छ। त्यसैगरी यौनजन्य हिंसामा परेका पीडित, विशेषतः नाबालिकाहरुले लाज, त्रास र सामाजिक भयका कारण तत्काल जाहेरी दिन नसक्नु स्वाभाविक नै रहेको र यस्तो अवस्थामा जाहेरीमा भएको सामान्य ढिलाइका आधारमा अभियोग दावी पुष्टि हुन नसक्ने भन्ने पुनरावेदन जिकिर युक्तिसङ्गत देखिँदैन।

३२. त्यसैगरी पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनमा योनी सुन्निएको नदेखिएको, घर्षणजन्य घाउ नभएको र स्वाब परीक्षणमा शुक्रकिट नदेखिएको अवस्थामा आफूउपरको जबरजस्ती करणीको अभियोग पुष्टि हुँदैन भन्ने प्रतिवादीको दोस्रो पुनरावेदन जिकिरका सम्बन्धमा हेर्दा, चिकित्सक सन्देश पौडेलले अदालतसमक्ष गरेको बकपत्रको स.ज. ५ मा पीडितको योनीको भित्री झिल्ली च्यातिएको उल्लेख गरेको र स.ज. ७ मा योनीमा शुक्रकिटको लक्षण देखा पर्ने वा नपर्ने कुरा समयावधि र महिलाको अवस्थामा भर पर्ने भनी वैज्ञानिक आधार खुलाएको देखिन्छ। राप्ती उप-क्षेत्रीय अस्पताल दाङमा स्वास्थ्य परीक्षण गराउँदा निज पीडित प्रकृति देवीको कन्याजाली च्यातिएको (Hymen Rapture) छ भन्ने स्वास्थ्य परीक्षण रिपोर्ट प्राप्त भएको देखिन्छ। यसरी पीडितको मौकामा भएको स्वास्थ्य परीक्षण प्रतिवेदन एवम् चिकित्सकको उक्त बकपत्रले नै प्रतिवादीबाट पीडितउपर जबरजस्ती करणी

भएको कुरालाई थप पुष्टि गर्दछ। यसै सम्बन्धमा यस अदालतले *अरुण राम विरुद्ध नेपाल सरकार* (ने.का.प. २०७८, अंक १०, नि.नं. १०७५५) को मुद्दामा वीर्य (Semen) नभेटिएको मात्र आधारमा प्रतिवादीले कसुर नगरेको मान्न थालियो भने न्यायको उद्देश्य नै विफल हुने भनी प्रतिपादन गरेको सिद्धान्त तथा भारतको सर्वोच्च अदालतले ***State of Maharashtra v. Chandraprakash Kewalchand Jain,*** (1990) 1 SCC 550 को मुद्दामा यौन अपराधकी पीडितालाई सह-अभियुक्त (Accomplice)सरह राख्न नमिल्ने, उनी स्वयं अपराधकी पीडित भएकीले उनको बकपत्रलाई भौतिक हिंसाको घटनामा घाइते साक्षी (Injured Witness) को ~~बकपत्र सरह~~ प्रमाण ग्राह्यता दिनुपर्ने तथा निजको बकपत्रलाई पुष्टि (Corroboration)गर्ने अन्य ~~नमिल्ने~~ अनिवार्य रूपमा हुनुपर्छ भन्न कानुनतः मिल्दैन भन्ने सिद्धान्त प्रतिपादन गरेको छ। अदालतले पीडिताको बकपत्र विश्वसनीय देखिएमा त्यसैका आधारमा पनि न्यायिक निष्कर्षमा पुग्न सक्ने र पुष्टि(Corroboration)गर्ने अन्य प्रमाण को अभावका कारण देखाएर त्यस्तो बकपत्रलाई अस्वीकार गर्न नहुने भनी यो मुद्दामा स्पष्ट रुपमा व्याख्या गरेको छ। यो सिद्धान्तलाई सन्दर्भमा लिँदा पनि पुष्टि(Corroboration)गर्ने अन्य प्रमाण पीडितको शरीरमा घर्षणजन्य चिह्न वा शुक्रकिट नभेटिनुलाई मात्र आधार बनाई कसूर नभएको भन्न मिल्ने हुँदैन।

३३. प्रतिवादीकै संरक्षणमा रहेकी पीडितले प्रतिवादीको ज्यान मार्ने धम्कीका कारण प्रतिकार गर्न नसकेको भन्ने कुरा जाहेरी र अदालतसमक्षको बकपत्रमा समेत उल्लेख भएकोले शरीरमा घर्षणजन्य प्रमाणको अनुपस्थितिलाई अन्यथा अर्थ लगाउन मिल्ने देखिँदैन। नाबालिकामाथि जबरजस्ती करणीको कसूर आफैँमा गम्भीर प्रकृतिको कसूर हो। अझ नाबालिकालाई कमलरीका रूपमा आफ्नो संरक्षण, आश्रय वा नियन्त्रणमा राख्ने व्यक्तिले नै निजको उमेरजन्य अपरिपक्वता, निर्भरता र असहाय अवस्थाको लाभ उठाई जबरजस्ती करणी गरेको अवस्था सामान्य यौन हिंसाभन्दा थप गम्भीर र निन्दनीय हुन्छ। किनकि यस्तो अवस्थामा कसूरदारले केवल नाबालिकाको शारीरिक तथा यौन स्वतन्त्रतामाथि अतिक्रमण गरेको नभई निजलाई संरक्षण, सुरक्षा र सम्मान प्रदान गर्नुपर्ने अभिभावकीय वा संरक्षकको दायित्वसमेत उल्लङ्घन गरेको हुन्छ। संरक्षण र विश्वासको सम्बन्धलाई नै शोषण र यौन हिंसाको माध्यम बनाइनु शक्ति र विश्वासको दोहोरो दुरुपयोग हो। कमलरीका रूपमा राखिएकी नाबालिका सामाजिक, आर्थिक तथा पारिवारिक निर्भरताका कारण आफ्नो इच्छाविरुद्धको व्यवहारको

प्रतिरोध गर्न वा त्यसबाट सहज रूपमा उम्कनसमेत कठिन अवस्थामा रहने भएकाले त्यस्तो अवस्थामा भएको यौन हिंसाको आघात र गम्भीरता अझ बढी हुन्छ।

३४. यस्तो कसूरले पीडित नाबालिकाको शरीर, मर्यादा, आत्मसम्मान र मानसिक तथा भावनात्मक विकासमा गम्भीर असर पार्नुका साथै संरक्षण पाउने विश्वासकै आधारलाई भत्काइदिन्छ। बालिकालाई संरक्षण र सुरक्षाको नाममा आफ्नो अधीन वा आश्रयमा राखी त्यही सम्बन्धको दुरुपयोगबाट निजमाथि यौन हिंसा गर्नु बाल संरक्षणको आधारभूत मर्म, मानव मर्यादा र विधिको शासनप्रतिको गम्भीर अवहेलना हो। अतः यस्तो कसूरको न्यायिक मूल्याङ्कन गर्दा केवल जबरजस्ती करणीको परिणाममा सीमित रही हेर्न मिल्दैन। पीडितको नाबालिग अवस्था, कमलरीका रूपमा रहेको निर्भरता, कसूरदारको संरक्षक वा आश्रयदाता हैसियत, त्यसबाट सिर्जित शक्ति– असमानता, विश्वासको दुरुपयोग तथा कसूरबाट पर्न सक्ने दीर्घकालीन शारीरिक, मानसिक र सामाजिक प्रभावसमेत समग्रतामा बिचार गर्नुपर्छ। नाबालिकाको सर्वोत्तम हित र विशेष संरक्षणको संवैधानिक तथा कानूनी मर्मलाई आत्मसात् गर्दै यस्ता कसूरप्रति अदालतले विशेष संवेदनशीलता र गम्भीरता अपनाउनु न्यायको अपरिहार्य आवश्यकता रहन्छ।यस्तो परिस्थितिबाट गुज्रिरहेकी एक नावालिकालाई भएको यौन हिंसामा शरीरमा घर्षणजन्य चिह्न वा शुक्रकिट नभेटिनुलाई मात्र आधार बनाई कसूर नभएको भनी ठहर गर्नु तर्कसंगत र औचित्यपूर्ण हुँदैन। उल्लेखित आधारहरुमा प्रतिवादीको दोस्रो पुनरावेदन जिकिर पनि पुष्टि हुन सक्ने देखिँदैन।

३५. साथै प्रतिवादीको इन्कारी बयानलाई निजका साक्षीहरुको बकपत्रले पुष्टि गरेको भन्ने अर्को पुनरावेदन जिकिरका सम्बन्धमा हेर्दा, प्रतिवादीका साक्षीहरुले प्रायः "जबरजस्ती करणी गरेको थाहा छैन" वा "विश्वास लाग्दैन" भन्ने किसिमको बकपत्र गरेको देखिन्छ। जबरजस्ती करणीजस्तो एकान्तमा हुने अपराधमा स्वाभाविक रुपमै प्रत्यक्षदर्शी साक्षीको उपस्थिति सम्भव नहुने र प्रतिवादीले आफूअनुकूलका साक्षीहरुलाई उपस्थित गराई तिनले वारदातस्थलमा नदेखेको कुरा "थाहा छैन" वा "विश्वास लाग्दैन" भनी गरेको सामान्य र अनुमानमा आधारित बकपत्रले पीडितको प्रतिवादीउपरको किटानी बकपत्रलाई खण्डन गर्न सक्दैन। यसको विपरीत मौकामा बुझिएका पीडितका आमा आसकुमारी चौधरी, दिदी मिना चौधरी र दाजु भिमबहादुर चौधरीले पीडितलाई भेट्ने बित्तिकै निजले रुँदै घटना सुनाएको र सोही स्थलमा नै प्रतिवादीले पीडितलाई कुटपिट गरेको प्रत्यक्ष देखेको भनी एकरूपताको कागज गरिदिएको देखिन्छ।

३६. यसै सन्दर्भमा यस अदालतले *चन्द्रबहादुर तिवारी विरुद्ध नेपाल सरकार* (ने.का.प. २०६९, अंक ८, नि.नं. ८८७८) को मुद्दामा जबरजस्ती करणीको वारदातको पहिलो कडी स्वयं पीडित नै हुने भएकाले निजलाई प्रत्यक्ष र जीवित प्रमाण मान्नुपर्ने भनी व्याख्या गरेको र *नेपाल सरकार विरुद्ध सरोज हिङमाङ समेत* (ने.का.प. २०६७, अंक ९, नि.नं. ८४६९) को मुद्दामा जबरजस्ती करणीको वारदातको प्रमाणको पहिलो कडी स्वयं पीडित र अर्को कडी पीडितको शारीरिक परीक्षण मान्नुपर्ने, प्रतिवादीको इन्कारी बयानलाई मात्र निर्दोषिताको आधार बनाई वास्तविक अपराधीलाई सफाइ दिँदै जाने हो भने समाजमा दण्डहीनताको स्थिति सिर्जना हुन जाने भनी विवेचना गरेको सिद्धान्त र भारतको सर्वोच्च अदालतले माथि उल्लेखित **Chandraprakash Kewalchand Jain** को मुद्दामा नैं पीडितलाई सह-अभियुक्त सरह शंकाको दृष्टिले नहेरी निजको भनाइलाई प्रतिवादीविरुद्धको भरपर्दो प्रमाणको रुपमा ग्रहण गर्नुपर्ने भनी प्रतिपादन गरेको सिद्धान्तसमेतलाई दृष्टिगत गर्दा प्रतिवादीको इन्कारी बयान र निजका साक्षीहरुको सामान्य अनुमानमा आधारित बकपत्रका भरमा प्रतिवादीले कसूरबाट उन्मुक्ति पाउनुपर्छ भन्ने जिकिर पनि पुष्टि हुन सक्ने देखिँदैन।

३७. त्यसैगरी पीडितको जाहेरी र बकपत्र स्वतन्त्र भरपर्दो प्रमाणबाट समर्थित नभएको तथा मौकामा कागज गर्ने व्यक्तिहरु पीडितकै परिवारका सदस्य भएकोले पूर्वाग्रहित हुनसक्ने भन्ने प्रतिवादीको अर्को जिकिरका सम्बन्धमा हेर्दा, जबरजस्ती करणीजस्तो एकान्तमा हुने कसूरमा घटनाको प्रत्यक्षदर्शी नहुनु नै स्वाभाविक हुन्छ। यस्तो अवस्थामा पीडितलाई सर्वप्रथम भेट्ने र उद्धार गर्ने नजिकका आफन्तहरुकै कथनलाई मौकाको प्रमाणको रुपमा लिइनु न्यायिक दृष्टिकोणबाट अस्वाभाविक होइन, बरु परिवारका सदस्यहरुले नै घटनाको तात्कालिक साक्षी बन्नु स्वाभाविक हो। पीडितको जन्मदर्ता प्रमाणपत्रबाट निजको उमेर वारदातका बखत १५ वर्ष रहेको पुष्टि भइरहेको र निज पीडित कमलरीकोरुपमा प्रतिवादीकै संरक्षणमा रहेकी अवस्थामा संरक्षकबाटै यस्तो जघन्य कसूर भएको सन्दर्भमा नाबालिका पीडितको भनाइलाई सामान्य वयस्क पीडितको भनाइभन्दा बढी संवेदनशील र गम्भीरतापूर्वक हेरिनुपर्दछ। नाबालिका पीडितलाई अदालती प्रक्रियामा पर्ने मानसिक त्रास न्यूनीकरण गर्दै निजको भनाइलाई समुचित संरक्षण दिनुपर्ने आवश्यकता अन्तर्राष्ट्रिय न्यायिक अभ्यासमा समेत मान्यता प्राप्त रहेको देखिन्छ। यस सम्बन्धमा संयुक्त राज्य अमेरिकाको सर्वोच्च अदालतले *Maryland v. Craig* 497 U.S. 836 (1990) को मुद्दामा नाबालक यौन हिंसा पीडितको शारीरिक तथा मानसिक हितको संरक्षण राज्यको सारभूत हित (Transcendent Interest)

भित्र पर्ने भनी प्रतिपादन गरेको सिद्धान्तले पनि नाबालिका पीडितको भनाइलाई विशेष संवेदनशीलताका साथ मूल्यांकन गर्नुपर्ने कुरालाई पुष्टि गर्दछ। यसरी नाबालिका पीडितको किटानी जाहेरी, मौकाका कागजातहरुको एकरूपता, चिकित्सकीय प्रमाण र घटनापछिको स्वाभाविक प्रतिक्रियाको शृंखला समेतलाई दृष्टिगत गर्दा प्रतिवादीको प्रस्तुत जिकिर पनि मनासिव देखिँदैन।

३८. प्रस्तुत वारदात हुँदाका बखत कायम रहेको तत्कालीन मुलुकी ऐन, २०२० को जबरजस्ती करणीको महलको १ नं. मा कसैले कुनै महिलालाई निजको मञ्जुरी नलिई करणी गरेमा वा सोह्र वर्षभन्दा कम उमेरकी बालिकालाई निजको मञ्जुरी लिई वा नलिई करणी गरेमा जबरजस्ती करणी गरेको ठहर्ने र सोही महलको ३ नं. को देहाय ३ मा चौध वर्ष वा सोभन्दा बढी सोह्र वर्षभन्दा कम उमेरकी बालिका भए छ वर्षदेखि दश वर्षसम्म सजाय हुने, व्यवस्था रहेको देखिन्छ। वारदातका समयमा पीडितको उमेर १५ वर्ष रहेको भन्ने कुरा मिसिलबाट देखिएको र सो कुरामा प्रतिवादीले पनि अन्यथा भन्न सकेको देखिँदैन। उल्लिखित कानूनी व्यवस्थाअनुरूप सोह्र वर्ष उमेर नपुगेकी नाबालिकालाई सहमतिमा करणी भएको भए तापनि त्यस्तो सहमति वा मञ्जुरीलाई कानूनतः वैध मान्न नमिल्ने भई जबरजस्ती करणीकै कसूर मानिने हुँदा प्रस्तुत मुद्दामा प्रतिवादी भोला भन्ने लिलाबहादुर पछाईले १५ वर्षकी पीडित परिवर्तित नाम प्रकृतिदेवीलाई विभिन्न विभिन्न धाकधम्की देखाई जबरजस्ती करणी गरेको कुरा मिसिल संलग्न कागजातबाट पुष्टि भएको देखिँदा प्रतिवादीलाई अभियोग दावीबमोजिम सजाय हुनुपर्ने देखियो।

३९. फौजदारी न्यायको सर्वमान्य सिद्धान्तअनुसार अभियोग शंकारहित तवरबाट प्रमाणित नभएसम्म अभियुक्तलाई निर्दोष मानिने अनुमान (Presumption of Innocence) र निज विरुद्धको कसूर अदालतसमक्ष शंकारहित तवरबाट (Beyond Reasonable Doubt) पुष्टि गर्ने भार अभियोजन पक्षमा रहन्छ। यो सिद्धान्त बेलायतको हाउस अफ लर्ड्सले ***Woolmington v. Director of Public Prosecutions***[1935] AC 462 (UKHL) को मुद्दामा "The Golden Thread" भनी चर्चित सिद्धान्तको रुपमा प्रतिपादन गरेको र यही सिद्धान्तलाई संयुक्त राज्य अमेरिकाको सर्वोच्च अदालतले ***In re Winship*** (U.S. 358 (1970) को मुद्दामा Due Process को संवैधानिक आवश्यकताको रुपमा समेत मान्यता दिएको देखिन्छ। यस अदालतले पनि शंकाको सुविधा अभियुक्तले पाउछ भन्ने फौजदारी न्यायको उपरोक्त सिद्धान्तलाई विभिन्न मुद्दाहरु मार्फत अनुशरण गर्दै आएको छ।

प्रस्तुत मुद्दामा मिसिल संलग्न कागज प्रमाणबाट प्रतिवादीउपरको अभियोग शंकारहित तवरबाट पुष्टि भइरहेको देखिँदा कसूरदार ठहर गरी सजाय गरेको उच्च अदालतको फैसला सदर कायम हुने देखियो।

४०. अतः,प्रस्तुत मुद्दामा माथि विवेचित आधार, प्रमाण एवम् सम्बद्ध कानूनी व्यवस्थाहरुसमेतबाट प्रतिवादी भोला भन्ने लिलाबहादुर पछाईले अभियोग दावीबमोजिमको कसूर गरेको कुरा शंकारहित तवरबाट पुष्टि भइरहेको देखिँदा शंकाको सुविधा (Benefit of Doubt) प्रतिवादीलाई दिनुपर्ने अवस्था विद्यमान रहेको देखिँदैन। तसर्थ निजलाई जबरजस्ती करणीको महलको ३ नं. को देहाय ३ बमोजिम ६ वर्ष कैदको सजाय हुने र सोही महलको १० नं. बमोजिम रु.५०,०००।-(पचास हजार रुपैयाँ) क्षतिपूर्ति वापत प्रतिवादीबाट पीडितलाई भराईदिने गरी तत्कालीन पुनरावेदन अदालत तुलसीपुर, दाङबाट मिति २०७०।१२।०५ मा भएको फैसलालाई नै सदर हुने गरी माननीय न्यायाधीश श्री कुमार रेग्मीले व्यक्त गर्नुभएको राय मिलेको देखिँदा सदर हुने ठहर्छ। अभियोग दावीबाट सफाइ पाउँ भन्ने प्रतिवादी भोला भन्ने लिलाबहादुर पछाईको पुनरावेदन जिकिर पुग्न सक्दैन।

४१. प्रस्तुत फैसलाको विद्युतीय प्रति यस अदालतको मुद्दा व्यवस्थापन प्रणालीमा प्रविष्ट गरी फैसलाको पीठमा जनाउनू। प्रस्तुत फैसलाको जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई दिनु। प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

(मेघराज पोखरेल)
न्यायाधीश

उक्त रायमा हामी सहमत छौं।

(नृपध्वज निरौला)
न्यायाधीश

(मनोजकुमार शर्मा)
प्रधानन्यायाधीश

इजलास अधिकृतः विष्णुप्रसाद पौडेल
कम्प्युटर अपरेटरः हर्कमाया राई
इति सम्वत् २०८३ साल जेठ महिना २८ गते रोज ५ शुभम्..............................।